बैठक संख्या ८

आज मिति २०८२/०९/१७ गते बिहिवारका दिन यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको आठौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

अन्य उपस्थित

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | हृदयेश पन्थी | लेखा अधिकृत | |
| २. | युवराज पन्थी | प्रशासकीय अधिकृत | |
| ३. | निलकण्ठ वस्याल | स.क.अ. | |
| ४. | लक्ष्मी पाण्डे | का.स. | लक्ष्मी |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को आठौ कार्यपालिकाको बैठकको

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२. अठारौ नगरसभा संचालन सम्बन्धमा ।
३. विविध

निर्णयहरु

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०९/०४ गते बसेको सातौं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

क) रामपुर नगरपालिका नगर सभाको १८ औ अधिवेशन मिति २०८२/०९/२० गते सञ्चालन गर्ने र सो अवसरमा नगर सभामा वडाबाट प्राप्त हुन आएका र नगरपालिका अन्तर्गतका रकमान्तर, शिर्षकान्तर, ऐन, नियम पेश लगायत विभिन्न विषयहरु समावेश गर्ने निर्णय गरियो ।

ख) विभिन्न शीर्षकहरुबाट भुक्तानी हुने गरी आर्थिक सहायता प्रदानका निर्णय गरियो ।

२. निर्णय नं.२, प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/०९/२० गते सञ्चालन गरिने रामपुर नगरपालिका नगर सभाको १८ औ अधिवेशनमा विभिन्न योजना तथा कार्यक्रमहरु शीर्षकान्तर र रकमान्तर गर्ने साथै रामपुर नगरपालिकाको पर्यटन विकास विधेयक पेस गर्ने निर्णय गरियो ।

३. निर्णय नं.३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको यस आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत सशर्त कार्यक्रम अन्तर्गत राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन म्यानुअल बमोजिम बाख्राकझ नयाँ पकेट विकास कार्यक्रम संचालनको लागि मिति २०८२/०८/०४ मा प्रकाशित सूचना बमोजिम मनभागा छाप बाख्रापालन समूह, रा.न.पा-१० बाट मात्र आवेदन परेको र सो आवेदन उपर छलफल गर्दा उक्त समूहलाई सो कार्यक्रम संचालन गर्न उपयुक्त देखि छनौट गर्ने साथै अनुमोदनका लागि रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पाको वार्षिक स्वीकृत सशर्त कार्यक्रम अन्तर्गत पकेट विकास कार्यक्रम संचालन सम्बन्धी प्राविधिक समितिको बैठकवाट यस कार्यपालिका बैठकमा पेश भएकोमा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा जलस्रोत तथा सिँचाइ विकास कार्यालय, पाल्पाको प.सं. २०८२/०८३, च.नं. ८८, मिति २०८२/०८/१५ गतेको पत्रानुसार भूमीगत जल पुनर्भरण तथा ताल संरक्षण कार्यका लागि योजना माग भई आएकोमा यस नगरपालिका अन्तर्गत उपयुक्त हुने तपसिल बमोजिमका योजनाहरु पेश गर्ने निर्णय गरियो ।

क) झ्याउरे ताल जलाशय निर्माण, रा.न.पा.-७

ख) तातोपानी जलाशय, रा.न.पा.-६

५. निर्णय नं. ५, प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश तथा स्थानीय सबलीकरण कार्यक्रम (PLGSP), प्रादेशिक कार्यक्रम सहयोग इकाई (PPSU), राप्ती उपत्यका (देउखुरी), नेपालको नवप्रवर्तन साझेदारी परियोजना संचालनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम यस नगरपालिकाबाट डिजिटल शिक्षा नामक कार्यक्रम अन्तर्गत साझेदारी गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ३ माथि छलफल गर्दा माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | भुक्तानी पाउनेको नाम, थर | ठेगाना | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १. | बुद्ध बहादुर कुमाल | रा.न.पा-४ | निजको पत्नी कान्छी देवी कुमालको मृत्यु भएको घरको अवस्था कमजोर | रु १२,०००/- (रु बाह्र हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| २. | यम कुमारी राना | रा.न.पा-४ | निजको पति टक बहादुर रानाको मृत्यु भएको घरको आर्थिक अवस्था कमजोर | रु १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ३. | लक्ष्मी दमै | रा.न.पा-७ | निजको देवर जित बहादुर दमैलाई गाडीको ठक्करबाट खुट्टामा चोटपटक | रु १२,०००/- (रु बाह्र हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ४. | हिरा बहादुर कुमाल | रा.न.पा-६ | निजको घरमा भुन पर्न गई क्षति पुगेको | रु २५,०००/- (रु पच्चिस हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |

७. निर्णय नं. ७, प्रस्ताव नं. ३ माथि छलफल गर्दा माथि छलफल गर्दा रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पाको आ.व.२०८२/०८३ को स्वीकृत संघीय सरकारको सर्शत कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम संचालनको लागि बजेट रु.९५,०००|- (अक्षेरुपी पन्चानब्बे हजार मात्र) विनियोजन भएको र राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाण्डौं द्धारा रामपुर नगरपालिकामा तथ्याङ्क संकलन क्षेत्र तोकिएका ७ वटा वडाहरु वडा नं. १, ३, ४, ६, ७, ८, १० मा रेखाङ्कन गर्ने, वडा अनुसार रेखाङ्कित क्षेत्रभित्रका कृषकहरुको घरघरमा गई तथ्याङ्क संकलन र कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्ग दर्शन २०७७ (पहिलो संशोधन-२०८०) अनुसार क्रियाकलापमा संचालन गर्न कृषि शाखाका कर्मचारीहरुलाई खटाउने र फिल्डमा खटिने कर्मचारीलाई दैनिक भत्ता तथा यातायत र संचार खर्च उपलब्ध गराउने निर्णय गरियो | सोही संघीय सरकारको सशर्त कार्यक्रमबाट खर्च हुने गरी फिल्डमा खटिने कर्मचारीलाई दैनिक भत्ता बापत प्रतिदिन रु.५००/- उपलब्ध गराउने निर्णय गरियो ।